नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फ्याक्स नं. :५२४९९०

## प्रमुख जिल्ला अधिकारीबाट जारी थप आदेश

मितिः २०७८।०१।१८

विश्वभर फैलिदै गईरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण नेपालमा समेत फैलिई कञ्चनपुर जिल्लामा उच्चदरमा संक्रमण बढदै गएको सन्दर्भमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७८।०१।१८ गतेको निर्णयको आधारमा प्रमुख जिल्ला अधिकारीबाट मिति २०७८।१।१४ गते जारी भएको आदेशको अभिन्न अंगको रुपमा देहाय बमोजिम थप आदेश जारी गरिएको छ।

१. तरकारी, फलफूल तथा खाद्य सामग्रीका पसल व्यवसाय हरेक आइतबार, मंगलबार र विहिबार मात्र विहान ६:०० बजे देखि ९:०० बजे सम्म जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गर्ने गरी सञ्चालन गर्ने। औषधी तथा स्वास्थ्य सामग्री, दुध डेरी एवं पेट्रोलियम पदार्थ जस्ता अत्यावश्यक पसल/व्यवसाय खुला रहने। अन्य पसल/व्यवसाय पूर्ण रुपमा बन्द हुने।
२. अन्य व्यवस्थाको हकमा प्रमुख जिल्ला अधिकारीबाट मिति २०७८।०१।१४ गते जारी भएको आदेशमा उल्लेख भए बमोजिम हुने।

यस आदेशको पालना गर्नु गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ। आदेशको उल्लंघन गर्ने वा आदेशको पालना गर्ने गराउने कार्यमा अवरोध गर्ने उपर प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

२०७८/०१/१८

राम कुमार महतो
प्रमुख जिल्ला अधिकारी